# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १६४ | काठमाडौं | बुधबार, १७ असोज २०८० | Prabhab National Daily | Wednesday, October 4, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# कामविहीन सरकारविरुद्ध बल्ल सुर्रियो प्रतिपक्ष



■ प्रभाव संवाददाता

**काठमाडौं–** गठबन्धन सरकार गतिहीन बनेको बेला प्रमुख प्रतिपक्षी दलका नेताले बल्ल मुख खोलेका छन् । मंगलबारको सदनमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेता केपी शर्मा ओलीले सरकारको मनपरीविरुद्ध आवाज उठाएका हुन् ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वमा रहेको कांग्रेससहितको गठबन्धन सरकार यतिबेला कामविहीन बन्दा जनता अन्योलमा परेको अवस्था छ । प्रमुख प्रतिपक्षी दललेसमेत सरकारको कामबारे कुनै प्रश्न नउठाउँदा प्रधानमन्त्रीसहितका धेरैजसो मन्त्रीहरूले महिनौं विदेश घुमेरै समय बिताएका थिए । एजेण्डाहीन भ्रमणमा सरकारको कोषबाट लाखौं पैसा सकाउँदासमेत प्रतिपक्षी चुप थियो ।

यस्तो बेला सदनमा प्रमुख प्रतिपक्षीको खोजी हुँदा एमाले मौन रहेको आरोप लाग्दै आएको थियो । मंगलबारको सदनमा एमाले अध्यक्ष ओलीले सरकारमाथि प्रश्नको वर्षा गरेका हुन् ।

- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा रहेको कांग्रेससहितको गठबन्धन सरकार यतिबेला कामविहीन बन्दा जनता अन्योलमा छन् ।
- यस्तो बेला सदनमा प्रमुख प्रतिपक्षीको खोजी हुँदा एमाले मौन रहेको आरोप लाग्दै आएको थियो । मंगलबारको सदनमा एमाले अध्यक्ष ओलीले सरकारमाथि प्रश्नको वर्षा गरेका हुन् ।
- ओलीले प्रधानमन्त्री दाहालको विदेश भ्रमण निरर्थक भएको र न्यायाधीश नियुक्तिको विषयले संवैधानिक दुर्घटना हुनसक्ने चेतावनीसमेत दिए ।

**न्यायाधीश नियुक्तिमा प्रश्नैप्रश्न**

ओलीले न्यायाधीश नियुक्तिलाई मुख्य निशाना बनाए । उनले यो आइसबर्गको टुप्पोमात्र भएको तर्क गर्दै दुर्घटनाको कारण नै यही बन्न सक्ने चेतावनीसमेत दिए । 'न्यायाधीश नियुक्ति, सरुवाका घटना समुद्रमा देखिने आइसबर्गको टुप्पोमात्रै हो । आइसबर्गको भित्री भीमकाय आकार सहजै अनुमान गर्न सकिन्छ । यो आइसबर्ग संवैधानिक दुर्घटनाको कारण बन्नसक्छ, सावधान रहनुस् तपाईंहरू,' ओलीको चेतावनी थियो ।

पूर्वप्रधानमन्त्री ओलीले संसद् विघटनलगायत आफूविरुद्धका मुद्दामा झगडिया बनेर बहस गर्ने वकिल र उनको फर्ममा काम गर्नेलाई छानीछानी न्यायाधीश नियुक्त गरिएको आरोपसमेत लगाए । 'धेरै कुरा किन गरौं, मेराविरुद्धको मुद्दामा उफ्री-उफ्री सक्रिय भूमिका खेल्ने फर्मका सहयोगी वकिललाई न्यायाधीश बनाउनुपरेको रहेछ । पारितोषिक त कहाँ-कहाँबाट लम्की-लम्की कति याद गरेको ? आफ्नो सेवा गरेका मान्छेको कति याद आउँदो रहेछ,' उनले भने ।

ओलीले स्याङजा-२ मा आफैं संलग्न भएर बुथ कब्जा गर्ने तथा मरेका र विदेशमा भएकाहरूको नाममासमेत भएको मतदानलाई सदर गर्ने निर्वाचन अधिकृतलाई परीक्षामा फेल भएपछि पनि कानुनमन्त्रीले न्यायाधीश बनाएर पुरस्कार दिएकोसमेत आरोप लगाए । 'बुथ कब्जा गर्ने व्यक्तिले न्यायाधीश पुरस्कार पाए ।

(बाँकी पृष्ठ २ मा)

# उत्तेजक 'स्टाटस'ले नेपालगञ्जमा तनाव

▌हिन्दू-मुस्लिम समुदाय आमनेसामने ▌नेपालगञ्ज उपमहानगरभित्र अनिश्चितकालीन कर्फ्यु आदेश

स्टाटसको नाममा यो विवाद निस्कियो । लेख्ने मान्छे सार्वजनिक व्यक्ति हैन । तर, त्यसले उत्तेजना फैलायो । प्रशासनले छानबिन गरिरहेको छ । अहिले जे तनाव उत्पन्न भएको छ, यसलाई रोक्न र समाजलाई शान्तिपूर्ण बाटोमा फर्काउन सामुदायिक अगुवा, धार्मिक गुरूहरु, मिडिया र सिंगो बाँकेवासी लाग्नुपर्छ ।

■ **विपीन आचार्य**
**प्रजिअ, बाँके**

स्टाटस लेखेर धार्मिक सद्भाव भड्काउन खोज्नेलाई साइबर कानुनअन्तर्गत कारबाही गर्नुपर्छ ।

■ **डा. धवलशमशेर राणा**
**प्रतिनिधिसभा सदस्य**

धार्मिक सद्भाव बिग्रिने गरी भएका गतिविधि निन्दनीय छ । कुनै धार्मिक समुदायले अर्को धार्मिक समुदायप्रति प्रहार गर्नु ठीक हुँदैन ।

■ **जनार्दन शर्मा**
**प्रतिनिधिसभा सदस्य**

■ जेबी योञ्जन

**काठमाडौं–** सामाजिक सञ्जाल फेसबुकमा लेखिएको एउटा उत्तेजक स्टाटस र त्यसमा व्यक्त भएका सनकपूर्ण क्रिया-प्रतिक्रियाले बाँकेको नेपालगञ्जमा दुई धार्मिक समुदायबीच तनाव सिर्जना भएको छ । मंगलबार हिन्दू र मुस्लिम समुदाय आमने-सामने भएपछि नेपालगञ्जको अवस्था असहज बनेको हो । धरान, मलंगवा र वीरगञ्जपछि नेपालगञ्जमा धार्मिक सद्भाव भड्किने स्थिति निम्तिएको हो ।




**नेपालगञ्जमा मंगलबार बिहान निकालिएको सद्भाव पदयात्रामा सहभागी धर्मगुरु, नागरिक समाजका प्रतिनिधि र सर्वसाधारण ।**
*तस्बिर: भेषराज बस्नेत/रासस*

उक्त घटनासँगै धार्मिक सद्भाव भड्काउने जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले नेपालगञ्ज उपमहानगरभित्र अनिश्चितकालीन कर्फ्यु लगाएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी विपीन आचार्यका अनुसार पूर्वमा राप्ती नदी पुल, पश्चिममा खजुरा रोडको इन्द्रपुर जाने बाटो, उत्तरमा राँझा चोक र दक्षिणमा जमुनाहा नाका क्षेत्रसम्म कर्फ्यु लगाइएको छ ।

स्थानीय प्रशासनले जारी गरेको कर्फ्यु आदेशमा सामाजिक सञ्जाल फेसबुकमा मुस्लिम समुदायलाई निन्दा गर्नेगरी एक हिन्दू युवकले यही आइतबार स्टाटस लेखेका थिए ।

(बाँकी पृष्ठ २ मा)

## हिंसात्मक अभिव्यक्ति दिने श्रीनिवास पक्राउ

धार्मिक हिंसा भड्काउने गरी अभिव्यक्ति दिने श्रीनिवास आचार्य पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले मंगलबार सुनसरीको प्रकाशपुरबाट आचार्यलाई पक्राउ गरेको हो । उनी प्रकाशपुरको आश्रममा बस्दै आएका थिए ।

उनले गत साता गाई हत्याको विषयमा हिंसात्मक अभिव्यक्ति दिएका थिए । सोही अभिव्यक्तिलाई लिएर जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ पुर्जी जारी गरेको प्रहरीले जनाएको छ । उनलाई आज (बुधबार) धनुषा पठाइने प्रहरीले बताएको छ । यसअघि सुनियोजित ढंगले सुनसरीको इटहरीमा आफैंलाई गोली हान्न लगाएपछि उनी विवादमा तानिएका थिए । धार्मिक हिंसा मच्चाउन चाहेको आरोपमा उनी पक्राउ परेका हुन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# धरौटी रकममा ब्याज दिन म्यानपावर व्यवसायीको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** म्यानपावर व्यवसायीहरूले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिँदा धरौटीबापत राखिएको रकममा ब्याज दिन सरकारसँग माग गरेका छन् । वैदेशिक रोजगार व्यवसायमा देखिएको समस्या समाधानका लागि प्रधानमन्त्री पुष्पकमल दाहाललाई १० बुँदे सुझावसहितको ज्ञापनपत्र पेस गर्दै वैदेशिक रोजगार व्यावसायी गणतान्त्रिक मञ्चले उक्त माग गरेको हो ।



मञ्चले व्यवसायीलाई इजाजतपत्र दिँदा बैंक ग्यारेण्टीको मात्र व्यवस्था गर्न माग गरेको छ । जसमा छिमेकी मुलुकको प्रावधानसमेतलाई मध्यनजर गरी धरौटीसम्बन्धी व्यवस्थालाई पुनःमूल्यांकन गर्नुपर्ने उल्लेख गरेको छ । वैदेशिक रोजगारसम्बन्धी कार्यका लागि इजाजतपत्र लिँदा नगद र बैंक ग्यारेण्टीसहित दुई करोड देखि ६ करोड रूपैयाँसम्म राज्यकोषमा धरौटीबापत राखेको व्यवसायीहरूले बताउँदै आएका छन् । धरौटीबापत राखिएको झण्डै १८ अर्ब रूपैयाँ यवसायीको हितमा हुनेगरी उपयोग हुन नसकेको र व्यवसायीको रकम सरकारले फ्रिज गरिराखेको व्यवसायीको आरोप छ ।

मञ्चले प्रधानमन्त्री दाहाललाई बुझाएको ज्ञापनपत्रमा ३० लाखभन्दा बढी नेपालीहरू वैदेशिक रोजगारीमा रहेको उल्लेख गर्दै यस क्षेत्रमा देखिएका समस्या समाधानका लागि आवश्यक सहजीकरण र सहयोग गरिदिन माग गरेको छ । जसमा वैदेशिक रोजगार व्यवसायमा रहेको विकृति विसंगति हटाउन र विविध प्रकारका सिण्डिकेट तथा एकाधिकार हटाउनका लागि आवश्यक पहलकदमी लिनुपर्ने बताइएको छ । त्यस्तै रोजगारदाता मुलुकमा राज्यस्तरबाट कूटनीतिक पहल गरी नेपाली कामदारको मागसम्बन्धी विषयमा गम्भीरतापूर्वक छलफल गरी व्यवसायी र कामदारको हकहितको संरक्षण गर्नसमेत माग गरिएको छ ।

यसैगरी मञ्चले कामदारहरूलाई वैदेशिक रोजगारमा पठाएबापत विश्वव्यापी तथा छिमेकी मुलुकसमेतको प्रचलन र कानुनलाई मध्यनजर राखी सेवा शुल्कबापत एक महिनाको तलबबराबर लिन पाउने व्यवस्था कार्यान्वयन गर्नुपर्ने माग राखेको छ । उक्त व्यवस्था नहुँदा कामदार, व्यवसायी र राज्यलाईसमेत घाटा भएको उल्लेख गरिएको छ । साथै, व्यवसायीलाई व्यापार प्रवर्द्धनका लागि सहुलियत, छुट र ऋणको व्यवस्था गर्नुपर्ने माग गरिएको छ । त्यस्तै वार्षिक १०० जना कामदार पठाउनैपर्ने, एकाघरका परिवारले वैदेशिक रोजगारसम्बन्धी अन्य कम्पनी सञ्चालन गर्न नपाउने, एकभन्दा बढी इजाजत नपाइनेजस्ता विभेदयुक्त र बाध्यकारी कानुनी व्यवस्था खारेज गर्नुपर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

वैदेशिक रोजगारीमा जाने कामदारलाई राज्यले दिने राहदानी सकेसम्म निःशुल्क हुनुपर्ने, नभए न्यून शुल्कमा उपलब्ध गराउनुपर्ने र वैदेशिक रोजगारबाट फर्किने कामदारले सिकेको सीप, ज्ञान, क्षमता र आर्जित रकम राज्यमा प्रयोग गराउने नीति लागू गर्नुपर्ने सुझाव दिइएको छ । संसद्मा हाल संशोधन प्रक्रियामा रहेको वैदेशिक रोजगार ऐनको दफा ५३ पारित भएमा म्यानपावर कम्पनीहरूले विनाकारण ठूलो रकम जरिवाना तिर्नुपर्ने भन्दै त्यस्तो अव्यावहारिक प्रावधान हटाउनुपर्ने मागसमेत राखिएको छ ।

यसैगरी जापान तथा युरोपेली मुलुकमा दूतावासबाट मागपत्र प्रमाणीकरण गर्न भइरहेको ढिलाइ हटाएर उचित समयभित्र प्रमाणीकरणको व्यवस्था गर्नुपर्ने र युरोपेली मुलुकको भिएफएस नेपालमा नभएको कारण एक लाखदेखि दुई लाख रूपैयाँसम्म सेटिङमार्फत खर्च गर्नुपरेको उल्लेख गर्दै नेपालको पुँजी बाहिर जानबाट रोक्न सम्बन्धित देशसँग कूटनीतिक पहल गरिदिन पनि प्रधानमन्त्री दाहालसमक्ष माग गरिएको छ । उल्लिखित कार्यहरू तत्कालीन समस्या भएको समाधानका लागि ध्यानाकर्षण गराउँदै प्रधानमन्त्रीलाई सुझाव र मागसहितको ज्ञापनपत्र बुझाइएको मञ्चका महासचिव कुन्छादोर्जे डिम्दोङले बताए । ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री दाहालले सकारात्मक पहल लिने प्रतिबद्धता जनाएको उनले बताए ।

म्यानपावर व्यवसायीले करिब १५ हजार जनालाई रोजगारी दिनुका साथै वैदेशिक रोजगार क्षेत्रले हवाई, पर्यटन, यातायात, शिक्षा, स्वास्थ्यमासमेत योगदान पुऱ्याएको डिम्दोङले दाबी गरे । वैदेशिक रोजगार व्यवसायीकै कारण गरिबी निवारणमा २९ प्रतिशतले योगदान पुऱ्याई ५६ प्रतिशत घरधुरीमा वैदेशिक रोजगारको पहुँच रहेको उनले बताए ।




## कामविहीन...

पृष्ठ १ बाट जारी

उनले कसरी न्याय दिन्छन् ? तपाईंहरूले न्यायालय कस्तो बनाउन खोजिरहनुभएको छ सम्माननीय प्रधानमन्त्रीज्यू ?,' ओलीको प्रश्न थियो, 'धाँधली, बुथ कब्जा र लुटिएको मत न्यायालय र संसद्को घाउ बन्न पुगेको छ । अहिले न्यायपालिकामा भयावह रूप लिइरहेको छ । १९ सम्भाव्य उम्मेदवारमा १८ जनापछिका १९औं नम्बरका र खुला प्रतियोगितामा फेल भएकालाई मन्त्रीको कृपामा बनाइएको छ ।'

उनले कानुनमन्त्री धनराज गुरुङलाई पितृले भोट हालेको भन्दै व्यंग्यसमेत गरे । 'जितनका लागि ९९ प्रतिशत मत खसालेको छ । ९९ प्रतिशत मत खस्छ काहीँ ? दश प्रतिशत खाडीमा छन् । केही मान्छे माथि गए, ती पनि मत खसाल्न आए । कति पपुलर, पितृले पनि मत खसाले ?,' ओलीको प्रश्न थियो ।

### गृहमन्त्रीको आलोचना

अध्यक्ष ओलीले गृहमन्त्री नारायणकाजी श्रेष्ठको कार्यशैलीमाथि प्रश्न उठाए । सम्बोधनका क्रममा उनले भने, 'गृहमन्त्रीजीले हिजो हेटौंडामा गएर उधुमै खोक्नुभयो- सुशासनको अभियान चलाएको त्यसलाई रोक्न संगठित रूपमा विरोधीहरू लागेका छन् । कुन विरोधी लागेका छन् तपाईंको सुशासन रोक्न ?'

ओलीले गृहमन्त्रीले नै सुन तस्करीको स्वतन्त्र छानबिनमा अवरोध गरेको आरोप लगाए । 'छानबिन गर्दा के बिग्रिन्थ्यो महाशय तपाईंको ? किन आत्तिनुभएको स्वतन्त्र निष्पक्ष छानबिनसँग ?,' छानबिन समिति गठन ढिलाइबारे ओलीले प्रश्न गरे ।

ओलीले अहिलेको सरकारले सुन काण्ड, भ्रष्टाचार, कीर्तेमा कीर्तिमान कायम गरेको आरोपसमेत लगाए । 'भ्रष्टाचारको फाइल खोल्छु भनेर, क्लोज गर्छु भनेर भ्रष्टाचार भइराखेको छ । कारबाही गर्छु भनेर माहोल बनाउने र भित्र भ्रष्टाचारको इको सिस्टम बनाएर निर्धक्क भ्रष्टाचार भइराखेको छ,' ओलीले भने, 'यो सरकारको पालामा किन यस्तो हुन्छ ? यताबाट तीन केजी उताबाट नौ केजी, के हो यो तमासा ? सरकारले फुत्काउँछ, थाहा नपाउनेहरूले समाउँछ ।'

ललिता निवास जग्गा प्रकरणमा पनि सत्तारुढ गठबन्धनको नेताको नाम आएपछि मुद्दा कमजोर भएको ओलीको आरोप छ ।

### अर्थमन्त्रीको कार्यक्षमतामाथि पनि प्रश्न

अध्यक्ष ओलीले गठबन्धन पद टिकाउनैमा केन्द्रित हुँदा त्यसको प्रभाव अर्थतन्त्रमा परेको दाबी गरे । सरकारले विदेश भ्रमणलगायतका नाममा अर्थतन्त्रको दोहन गरिरहेको आरोपसमेत लगाए । नेपालको अर्थतन्त्र इतिहासकै कमजोर अवस्थामा रहेको उल्लेख गर्दै उनले राजस्व संकलनमा गिरावट आउँदा, बचत गर्नुपर्नेमा तलब खुवाउन नसकेर ऋण लिन बाध्य हुँदासमेत सरकार गम्भीर नदेखिएको बताए । 'ऋण लिएर सरकार चलाउने हो भने कामचाहिँ के गर्छ ?,' ओलीको प्रश्न थियो । सरकारमा रहेका दलहरूकै कारण अर्थतन्त्र कमजोर बनेको आरोप लगाए । 'विप्रेषण थुप्रियो । बैंकमा पैसा थुप्रियो किन ? मूल्यवृद्धि अकासिएको छ किन ?,' ओलीले प्रश्न गरे ।

### आक्रोश पनि उत्तिकै

ओलीले नागरिकता विधेयक प्रमाणीकरण गरेको विषयलाई लिएर उनले राष्ट्रपति रामचन्द्र पौडेलको आलोचना गरे । यद्यपि, नागरिकता विधेयक प्रमाणीकरणविरुद्धको रिटमा अन्तरिम आदेश दिन सर्वोच्च अदालतले भने अस्वीकार गरेको थियो ।

अघिल्लो सरकारका पालामा संसद्ले दुई-दुई पटक पारित गरेको नागरिकता विधेयक ओलीले तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीलाई प्रमाणीकरण गर्नबाट रोकेका थिए । ओलीले ज्यान मुद्दामा सजाय पाएकाहरूलाई कैद मिनाहा गरेकामा पनि राष्ट्रपति पौडेलको आलोचना गरेका छन् । उनले राष्ट्रपतिमाथि संविधानको संरक्षकभन्दा सत्ता गठबन्धनको आदेश पालकको भूमिका निर्वाह गरेको आरोप लगाउन भ्याए ।

विभिन्न अपराधमा जेल बसेकाहरूलाई ओली नेतृत्वको सरकारले पनि कैद मिनाहाको सिफारिस गरेको थियो ।

तत्कालनी नेकपा माओवादीले सशस्त्र विद्रोह सुरु गरेको दिन बर्सेनि बिदा दिने निर्णय फिर्ता नलिए सहच नहुने चेतावनी ओलीले दिएका छन् । 'हिंसा सुरु गरेको दिन राष्ट्रको उल्लास हुन सक्दैन,' उनले भने, 'यो आउने मन्त्रिपरिषद्बाट त्यो निर्णय फिर्ता गर्नुस् । अरुका घाउ कोटचाउनेतिर नजाऔं ।' जबकि यो निर्णय गर्दा एमाले नै सरकारमा थियो । त्यतिखेर मौनता साँधेको एमाले अध्यक्ष ओलीले मंगलबार हिंसा सुरु भएको दिनलाई भोज खाने दिनका रूपमा मनाउन नसकिने बताएका हुन् ।

## उत्तेजक...

पृष्ठ १ बाट जारी

त्यसपछि मुस्लिम समुदायले विरोध र्‍याली निकालेको थियो । मंगलबार ओमकार परिवार हिन्दू समाजले र्‍याली निकालेपछि विवाद भएर ढुंगामुडा प्रहारलगायतका उच्छृंखल गतिविधि भएको जिल्ला प्रशासन कार्यालय बाँकेले जनाएको छ । त्यसपछि अनिश्चितकालका लागि कर्फ्यु आदेश जारी गरेको प्रमुख जिल्ला अधिकारी आचार्यको भनाइ छ ।

प्रहरी स्रोतका अनुसार दुई समुदायलाई आमनेसामने ल्याउन नेपालगञ्ज उपमहानगरपालिका-५ का वडाध्यक्ष सराफत खानको मुख्य भूमिका देखिएको छ । जथाभावी स्टाटस लेखेको भन्दै खानकै नेतृत्वमा आइतबार मुस्लिम समुदायले नेपालगञ्जमा प्रदर्शन गरेको थियो । प्रदर्शनका क्रममा टायर बाल्ने, अर्को समुदायप्रति उग्र नाराबाजी गर्ने र जिल्ला प्रशासन कार्यालयभित्र पुगेर झण्डा गाडेपछि अर्को पक्ष विरोधमा उत्रियो । यहीबीचमा खजुराखुर्दका युवाहरूले कलुवा नामको टिकटक आइडीमा हिन्दूप्रति गालीगलौज गरेको भिडियो भाइरल भइसकेको थियो ।

यी घटनाक्रमको पृष्ठभूमिका मंगलबार नेपालगञ्जमा दुई धार्मिक समुदायबीच तनाव उत्पन्न भएको हो । तनावलाई ध्यानमा राखेर मंगलबार बिहानै नेपालगञ्जमा केही धार्मिक अगुवा, राजनीतिक कार्यकर्ता, उद्योगी व्यवसायी सहभागी भएर सद्भाव र्‍याली निकालेका थिए । त्यसपछि ओमकार परिवारले जुलुस निकालेको थियो । प्रहरीका अनुसार बागेश्वरी मन्दिरको पूर्वी गेटबाट निस्केको जुलुस सेतु विक चोक, धम्बोझीहुँदै बिपी चोक पुग्दासम्म शान्त नै थियो । जुलुसमा सिसा प्रहार भएपछि सहभागीको भागाभाग भएको र सोही घटनाले दुई पक्षबीच झडपको स्थिति आएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए ।

बिपी चोक र इदगाह रोडमा दुई पक्ष आमनेसामने भएर ढुंगा हानाहान गरेपछि नियन्त्रण गर्न प्रहरीले एक दर्जनपटक हवाई फायर गरेको थियो । सो झडपमा प्रहरी र प्रदर्शनकारीहरू घाइते भएका छन् । घाइतेको नेपालगञ्जका अस्पतालमा उपचार भइरहेको बाँके प्रहरीले जनाएको छ । कतिपयले भने फेसबुक स्टाटसको विवाद धार्मिक तनावसम्म पुग्नुमा स्थानीय प्रशासनको कमजोरी रहेको आरोप लगाएका छन् । धार्मिक र साम्प्रदायिक प्रदर्शनलाई निषेधाज्ञा लगाएर रोक्नुपर्नेमा जिल्ला प्रशासनले अनुमति दिनु गलत भएको टिप्पणी हुँदै आएको छ । तर, प्रमुख जिल्ला अधिकारी आचार्यले भने स्थिति नियन्त्रणउन्मुख भएको दाबी गरेका छन् । उनले सबै पक्षले धार्मिक सद्भाव कायम गर्नेगरी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

'स्टाटसको नाममा यो विवाद निस्कियो । लेख्ने मान्छे सार्वजनिक व्यक्ति हैन । तर, त्यसले उत्तेजना फैलायो । प्रशासनले छानबिन गरिरहेको छ । अहिले जे तनाव उत्पन्न भएको छ, यसलाई रोक्न र समाजलाई शान्तिपूर्ण बाटोमा फर्काउन सामुदायिक अगुवा, धार्मिक गुरुहरू, मिडिया र सिंगो बाँकेवासी लाग्नुपर्छ,' आचार्य भन्छन् ।

पछिल्ला केही महिनायता एकपछि अर्को धार्मिक सद्भाव भड्किने खालका गतिविधिहरू देशका ठाउँ-ठाउँमा भइरहेका छन् । सरकार यसप्रति गम्भीर रहेको गृह मन्त्रालयले बताउँदै आएको छ । नेपालगञ्जमा धार्मिक तनाव भएलगत्तै संघीय सरकारको मन्त्रिपरिषद् बैठक बस्यो । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बैठकबारे जानकारी दिँदै जातीय र धार्मिक सद्भावमा खलल पुग्ने गतिविधि नगर्न सबै पक्षलाई आग्रह गर्ने निर्णय भएको बताइन् ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका संविधानप्रदत्त मौलिक हकको सम्मान गर्दै सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई सकारात्मक तथा मर्यादित बनाउने सन्दर्भमा सामाजिक सञ्जाल सञ्चालक र प्रयोगकर्ताले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हित वा संघीय एकाइबीचको सुसम्बन्धमा प्रतिकूल असर हुनेगरी वा वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना हुने कुनै काम कारबाही नगर्न नगराउनुहुन एवं विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुसम्बन्धमा खलल पुग्ने गतिविधि नगर्न र नगराउन सम्बन्धित सबैमा मन्त्रिपरिषद्ले अनुरोध गरेको छ ।

साथै, सामाजिक सञ्जाल प्रयोग गर्दा आधारहीन सूचना राख्नबाट बच्न पनि सरकारले सचेत गराएको छ । संघीय संसद्मा सांसदहरूले धार्मिक सद्भाव नियन्त्रण गर्न सरकारलाई आग्रह गरेका छन् । नेपालगञ्जकै सांसद डा. धवलशमशेर राणाले स्टाटस लेखेर धार्मिक सद्भाव भड्काउन खोज्नेलाई साइबर कानुन आकर्षित गरेर कारबाही गर्न माग गरेका छन् ।

सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रका सांसद जनार्दन शर्माले पनि नेपालगञ्ज, वीरगञ्ज, मंलगवा र धरानमा धार्मिक सद्भाव बिग्रिने गरी भएका गतिविधिको निन्दा गरेका छन् । उनले कुनै धार्मिक समुदायले अर्को धार्मिक समुदायप्रति प्रहार गर्न नहुने पनि बताए । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद बिना लामाले कसैको स्वार्थमा लागेर धार्मिक सद्भाव भड्काउन नहुने बताएकी छन् । संसद्मा अन्य केही सांसदहरूले पनि नेपालगञ्ज घटनाबारे सरकारको जवाफ मागेका छन् ।

# Chautara Sangchokgadhi Municipality

## Office Of The Municipal Executive

**Chautara, Sindhupalchok**

**Bagmati Province, Nepal**

# INVITATION FOR ELECTRONIC SEALED QUOTATION

**Invitation for Electronic Sealed Quotation for the Rigid Pavements works of Kaptanpati Thadobato Kalamandir road sector, CSGM-05**

**Contract Identification No: CSGM/SQ/WORKS-01/2080/81**

**First Date of publication: 2080/06/17 (04th Oct 2023)**

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/SQ/WORKS-01/2080/081 | Rigid Pavements works of Kaptanpati Thadobato Kalamandir road sector, CSGM-05 | Rs. 16,83,690.07 | Rs. 48,000.00 | Rs. 1,000.00 | 2080/07/02 (19th Oct 2023) at 12:00 hrs | 2080/07/02 (19th Oct 2023) at 13:00 hrs |

1. Eligible Bidders may obtain further office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Nepal Bank Limited, Chautara Branch
   **Name of Office:** Chautara Sangachokgadhi Municipality
   **Account Number (Aantarik Rajashwo Khata for bid document fee):** 05703000001001000001
   **Dharauti Khata No.** 05703000003000000001
   **Office Code No:** 801032701
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Sealed Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs 48,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
5. Sealed Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
9. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
10. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/१७ गते)

भक्ति प्रसाद सिटौलाको नाति, माधव प्रसाद सिटौला/टीका देवि सिटौलाको छोरा, अनिशा रिजालको पति, झापा जिल्ला, दमक न.पा., वडा नं ०४ बस्ने विशाल सिटौलाको मिति २०७९/११/११ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बेलबारी शाखामा रहेको विशाल सिटौलाको खाता नं. १८७०१४१५२३३००००१मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंकको बेलबारी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय बेलबारीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बेलबारी फोन नं. ०२१-४३४४२१**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/१६ गते)

श्री कान्छा नारायण मानन्धरको नाति, श्री जीवन कुमार मानन्धरको छोरा, श्रीमती सुमित्रा मानन्धरको श्रीमान् काठमाण्डौं न.पा. वडा नं १६ बस्ने नबिन मानन्धरको मिति २०७८/०२/०५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको खुशिबुं र न्यरोड शाखामा रहेको श्री नबिन मानन्धरको खाता नं १९००१६४८०९९००००१ र ००५०२३५९६३२००००१मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा मोनिब मानन्धरले यस बैंकको खुशिबुं शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कल कागज सहित यस बैंकको शाखा कार्यालय खुशिबुंमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय खुशिबुं, काठमाण्डौं फोन नं. ०१- ५३६०५७१/७२**

# बझाङ भूकम्पमा परी सुदूरपश्चिममा सात व्यक्ति घाइते



**सुदूरपश्चिम–** बझाङ केन्द्रबिन्दु भएर मंगलबार दिउँसो गएको भूकम्पको धक्काका कारण घर तथा संरचना भत्कँदा पाँच जना घाइते भएका छन् ।
बझाङका प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेले घाइतेलाई उपचारका लागि जिल्ला अस्पताल पुऱ्याइएको जानकारी दिए । उनले मानवीय क्षति भएको जानकारी नआएको बताए ।

उनले भने, 'बझाङ सदरमुकाम र आसपासमा केही घर चर्किएको र अन्य कतिपय घर भत्किएको जानकारी आएको छ, विस्तृत विवरण आउन बाँकी छ ।' सदरमुकाम चैनपुरमा मोबाइल ग्यालरीको पसल सञ्चालनमा रहेको एकघर, निर्वाचन कार्यालयको भवनसहित कतिपय सरकारी तथा व्यक्तिगत घर चर्किएका छन् । बझाङ मष्टा गाउँपालिका १ नम्बर वडा कार्यालय भवन भत्किएको छ ।

भूकम्पको झड्का महसुस भएपछि बझाङ जिल्ला अस्पताल भवनको बाहिर राखेर बिरामीलाई उपचार सेवा दिइएको थियो । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले बैतडीमा विद्यालयबाट घरतर्फ गइरहेका एक व्यक्तिमाथि ढुंगा खसेको र वन क्षेत्रमा घाँस काटिरहेको अवस्थामा गएको पहिरोका कारण अर्का एक व्यक्ति घाइते भएको जानकारी दिए । उनले भने, 'घाइतेको अवस्था समान्य छ, मानवीय थप क्षति भएको जानकारी आइसकेको छैन ।'

प्रहरी नायब महानिरीक्षक बोहराले अछामको एक वडा कार्यालयको भवन भत्किएको जानकारी आएको बताए । डोटीमा पनि केही घर चर्किएका छन् । दिउँसो ३ बजेर ७ मिनेटमा भूकम्पको ठूलो धक्का महसुस गरिएको थियो । त्यसपछि पनि पटकपटक परकम्प गएको छ । धनगढीमा पनि भूकम्पको धक्का महसुस भएपछि घर तथा कार्यालयभित्र बसेका धेरै मानिस घर बाहिर निक्किएका थिए ।

धनगढी उपमहानगरपालिकाको स्थानीय आपत्कालीन सञ्चालन केन्द्रले सूचना सार्वजनिक गर्दै भूकम्पको थप परकम्प आउनसक्ने भएकाले नागरिकलाई सुरक्षित रहन सचेत गराएको थियो । सुर्खेतस्थित भूकम्प मापन केन्द्रका अनुसार मंगलबार दिउँसो २ बजेर ४० मिनेटमा बझाङको तलकोट आसपास केन्द्र भएर ५.३, ३ बजेर ६ मिनेटमा चैनपुर आसपास केन्द्र भएर ६.३ र दिउँसो ३ बजेर ४५ मिनेटमा बझाङको सुर्मा आसपास केन्द्रबिन्दु भएर ४.१ रेक्टर स्केलको भूकम्प गएको हो ।

बैतडीमा दुईजना घाइते

भूकम्पबाट बैतडीमा दुईजना घाइते भएका छन् । मंगलबार दिउँसो बझाङ केन्द्रबिन्दु भएर गएको भूकम्पमा परी सिगास गाउँपालिका-२ धौलाडकी ३५ वर्षीया कलशा धामी र डिलाशैनी गाउँपालिका-२ रोपनबगडकी १० वर्षीया नीरा भण्डारी घाइते भएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक योगेश खत्रीका अनुसार कलशा घर नजिकै खरबारीमा खर काटिरहेका बेला भूकम्पका कारण सुख्खा पहिरोसँगै खसेको ढुंगा लागेर घाइते भएकी हुन् । उनको टाउकोमा चोट लागेको छ । कलशाको हाल गाजरी स्वास्थ्यचौकीमा उपचार भइरहेको छ ।

यस्तै विद्यालयबाट घर फर्किरहेका बेला भूकम्पका कारण सडक माथिबाट खसेको ढुंगा लागेर खुट्टामा चोट लागेकी नीराको कोटपेटरा स्वास्थ्यचौकीमा उपचार भइरहेको छ । यसका साथै जिल्लामा भूकम्पबाट भौतिक संरचनामा समेत क्षति पुगेको प्रहरीले जनाएको छ ।

भूकम्पबाट सिगास गाउँपालिका-३, घकुराडीका रघुवीर साउदको घरमा क्षति पुगेको छ । सिगासकै लेकलुपण माविको भवनमा पनि क्षति पुगेको छ । *रासस*

## नियमित पढाइको माग गर्दा विद्यार्थी थुनामा

**पर्सा–** नियमित कक्षा सञ्चालनको माग गरेपछि यहाँ विद्यार्थी नै थुनामा परेको घटना बाहिर आएको छ । वीरगञ्ज महानगरपालिका-२४ बहुवरीमा सञ्चालित शारदा माध्यमिक विद्यालयको पशु विज्ञान र कृषि संकायको कक्षा सञ्चालन गर्न माग गरेपछि विद्यार्थीलाई सोही विद्यालयका शिक्षकहरूले थुनेर राखेको घटना सार्वजनिक भएको हो ।

पठनपाठन नियमित सञ्चालन गर्न माग गरेपछि विद्यालय प्रशासनले आफूहरूलाई कुटपिट गर्नाका साथै घन्टौं थुनेर राखेको विद्यार्थीहरूले आरोप लगाएका छन् । दैनिक सात कक्षा पढाइ हुनुपर्नेमा एक कक्षासमेत पढाइ नभएको जानकारी महानगरपालिकाको शिक्षा महाशाखामा गराउँदासमेत कुनै सुनुवाइ नभएको विद्यार्थीहरूले गुनासो गरेका छन् । *रासस*


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HSS CLEANING SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२१ पून स्वीकृति मिति २०८०/०६/१६ LT. No. : 286525 चलानी नं.६०२०४२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANING WORKER | 59 | 0 | 1500 | ४२,५६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Greenland Services Pvt. Ltd. Kathmandu, Nepal

श्रम ईजाजत नं. १५९३/०७९/०८०

**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"
Basundhara, Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com


## भोक्राहा नरसिंह गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०/०६/१७)

यस गाउँपालिकाबाट तपसिलको कार्यका लागि सौर्य राष्ट्रिय दैनिकमा मिति २०८०/०५/०७ गते प्रकाशित इ-बिड (E-Bid) बोलपत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको सफल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ को प्रयोजनार्थ सम्पूर्ण सम्बन्धित सरोकारवालाहरुलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

| सि.नं. | ठेक्का नं.- योजनाको नाम | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक रकम (भ्याट र पि.एस. समेत) |
|---|---|---|---|
| 1. | BNRM/WORKS/ROAD/01/2080/2081- "Bhokraha Narsingh 06 Model Chowk Lokmarga dekhi dakshin Sukhsena Sakha Nahar Hudai purwa Rahamatula Ghar Samma ko Bato Kalopatre " (Ward -06) | "Siyaram Construction and Suppliers" , Balan Bihul 6, Saptari | NPR 1,02,32,975.10 |
| 2. | BNRM/WORKS/ROAD/02/2080/2081–" Rahman tole Kaiyum Ansariko Ghar Dekhi Uttar Sadak Kalopatre" (Ward -06) | "Siyaram Construction and Suppliers" , Balan Bihul 6, Saptari | NPR 90,72,571.61 |

प्रमुख प्रशासकीय अधिकृत

## भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### आन्तरिक आयको ठेक्का सूचना

प्रथम पटक प्रकाशित मिति-२०८०/०६/१७

भीमदत्त नगरपालिकाको देहाय वमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागी मिति २०८०।६।१७का दिन सबै योग्य बोलपत्रदाताहरूको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp/ मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/७/२गते दिनको १२:०० बजे सम्म र बोलपत्र खोल्ने मिति २०८०/७/२ गते दिनको १:०० बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

देहाय

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम बोलपत्र कबोल अंक रु. (भ्याट बाहेक) |
|---|---|---|
| 07/IR/2080/081 | रौटेला खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ८८,६२,००२।६० |
| 08/IR/2080/081 | गौताडी खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | १२,९३,५०३।६९ |
| 09/IR/2080/081 | खन्या खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | १,४४,३३,९१२।९० |
| 10/IR/2080/081 | भिमारीगाड खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ७८,२५,६९७३५ |

बिस्तृत जानकारीका लागी www.bolpatra.gov.np/egp/मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

याम नाणयण गौली
प्रमुख प्रशासकीय अधिकृत

## फिक्कल गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
खाङ्साङ, सिन्धुली

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८०/०६/१७)

मिति २०८०/०४/३० गते प्रकाशित सडक स्तरउन्नती गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्र दाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२), २७ (३) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सवै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | FRM/Sindhuli/Work/ NCB/01/080-81 | Construction Of Nugure Beteni Road | Sudip Builders Pvt. Ltd Fikkal-03, Sindhuli | रु. १,००,९०,७४७२७ |
| २ | FRM/Sindhuli/ Work/ NCB /02/080-81 | Upgrading Works of Gurungchhap- Khurahari -Bhangyang- Jhagare- Kholagaun- Chanaute Road | Sudip Builders Pvt. Ltd Fikkal-03, Sindhuli | रू. ८४,८९,९०९।७२ |
| ३ | FRM/Sindhuli/ Work/ NCB /03/080-81 | Construction Of Narimkhola Barhabise Thuldhunga Silunge Road | U.K. B Construction Pvt.Ltd Golanjor-07, Sindhuli | रू. १,०१,६६,६३०।८४ |

– प्रसाशकीय अधिकृत

प्रभाव दैनिक
National Daily
सम्पादकीय

## सामाजिक सद्भाव भड्किन नदेऊ

**सत्ताको नेतृत्वले जनतामा आशा जगाउने खालको काम गर्न सकेका छैनन् । उत्साहजनक काम नहुँदा युवाहरूमा आक्रोश फैलिँदो छ । आर्थिक अवस्था ओरालो लागेको बेला देशमा सामाजिक सद्भाव बिथोल्नेखालका घटनाहरू पनि बढ्दो छ । धरान, सर्लाहीको मलंगवा, वीरगञ्ज हुँदै सद्भाव बिथोल्ने घटना अहिले पश्चिम नेपालगञ्ज पुगेको छ ।**

**सामाजिक सञ्जालमा उच्छृंखल ढंगले प्रस्तुत हुँदा सद्भाव बिथोल्न थालेको हो । नेपालगञ्जमा एक व्यक्तिले मुस्लिम धर्म विरोधी स्टाटसकै कारण नेपालगञ्जमा विवादको आगो सल्कियो । हिन्दू र मुस्लिम धर्मावलम्बीबीच यसअघि सद्भाव नै थियो । अहिले पूर्वी सर्लाही हुँदै मुस्लिम–हिन्दू विवाद नेपालगञ्ज पुगेको हो । विवादले उग्ररूप लिन थालेपछि सर्लाहीको मलंगवामा दुईपटक कफर्यु लगाउनुपरेको थियो । अहिले नेपालगञ्जमा विवादको आगो झोसिएको छ ।**

**घटनालाई साम्य पार्न सरकारले उक्त क्षेत्रमा कफर्यु लगाइसकेको छ । सरकारले सामाजिक सञ्जालको मर्यादित प्रयोग गर्न आग्रहसमेत गरेको छ । सामाजिक सञ्जालको प्रयोगबाट विभिन्न साम्प्रदायिक सद्भावविपरीतका घटना बढ्न थालेपछि सरकारले जातजाति तथा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने गतिविधि नगर्न आग्रह गरेको छ । मंगलबारको मन्त्रिपरिषद्ले विशेष प्रस्ताव नै पारित गर्दै सामाजिक सञ्जालको प्रयोगमा सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतालाई ख्याल गर्न अपिल गरेको हो ।**

**धरानमा हिन्दू, इसाइ र किरातबीच सद्भाव भड्केको केही समय नबित्दै यस्तो हुँदा भारतको मणिपुर घटनासँग जोडिएर द्वन्द्व बढ्नसक्ने आकलनसमेत गर्न थालिएको छ । राजनीतिक दलका नेताहरूले समेत केही समयमै द्वन्द्व बढ्न सक्ने दाबी गर्न थालेका छन् । हुन त प्रधानमन्त्री पुष्पकमल दाहाल आफैं पनि जातीय पहिचानका लागि सडकमा मान्छे उतार्ने भनाइ राख्छन् । प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओली संवैधानिक दुर्घटना पर्न सक्ने चेतावनी दिन्छन् । यस्तो बेला दलका शीर्ष नेताहरूबाट यस्तो उत्तेजक बोली नआउनुपर्ने हो । संघीयताको मूल मर्म प्रदेशको विरुद्ध विभिन्न तत्त्व लागेको बेला कोशीमा दलहरू आफैं संविधान मास्ने खेलमा उत्रेको छ । यहीबेला जिम्मेवार नेताहरू नै 'ब्याटल'मा उत्रिएका छन् । देश विकास र आर्थिक उन्नतिमा अपेक्षित काम गर्न नसकेका नेताहरूले कमसेकम उत्तेजक कुरा त नगर्नु । जस्तो नेता उस्तै देश भनेझैं यस्तै हुँदै जाने हो भने सामाजिक सद्भाव अझ भड्कन सक्छ । त्यसैले शीर्ष नेताहरूले युवामा आशा जगाउने खालको काम सुरु गरेर सामाजिक सद्भाव कायम गर्ने खालको गतिविधि बढाउनुपर्छ । वर्षौंदेखि कायम रहँदै आएको सामाजिक सद्भाव भड्किन नदेऊ । यसमा सरोकारवाला सबै जिम्मेवार बनौं ।**

# देशको वर्तमान अवस्था र हाम्रो भूमिका



नवराज धमला

हामीले सधैं राष्ट्रका प्रमुख व्यक्ति र पार्टीका प्रमुख व्यक्तिहरूलाई गाली गरेर मात्र हुँदैन । हामी आफैंले केही गर्नुपर्छ । संघर्ष नै जीवन हो । दुःख साथी हो, मिहेनत पूजा हो । एक अर्काको सहयोगी बन्दै आफू आत्मनिर्भर बन्ने सोचाइमा लाग्यौं भने हामीले एक छाक खान र लाउन कहिल्यै चिन्ता लिनु पर्दैन । मानिसको सम्पत्ति भनेको छ चिज हुन्छ । जसमध्ये राष्ट्रिय स्वाभिमान र स्वाधीनता हामीलाई राष्ट्रले दिने चिज हो । यो चिज आजको समयमा देशको कुनै पनि नागरिकलाई प्राप्त भएको छैन । त्यसैले पाँचै चिजमा सम्पन्नता हासिल गरेता पनि छैटौं नम्बर भएको राष्ट्रिय स्वाभिमान र स्वाधीनता सबैभन्दा महत्त्वपूर्ण हो ।

देशको वर्तमान अवस्था सन्तोषजनक छैन । राजनीतिक स्थिरता हुन सकेको छैन भने आर्थिक संकटका कारण मुलुक थलिएको अवस्था छ । यी समस्याहरूलाई सम्बोधन गर्नसक्ने नेतृत्व मुलुकले पाउन सकेको छैन । यो अवस्थालाई विश्लेषण गर्दा देशको आन्तरिक समस्याहरूलाई सम्पूर्ण पार्टी एक ठाउँमा बसेर गोलमेच सम्मेलनमार्फत निकास दिनुपर्ने आवश्यकता देखिन्छ । सीमा समस्या, धर्म संस्कृतिको समस्या, बढ्दो व्यापार घाटा, आर्थिक मन्दी, उत्पादनमूलक ठूला उद्योगहरूका समस्यालगायत विषयमा सम्पूर्ण पार्टीहरूको गोलमेच सम्मेलन हुनुपर्छ । यसैगरी राज्यका निकायबाट प्राविधिक शक्तिहरू परिचालन गरी आन्तरिक समस्याहरू समाधानका लागि मुख्य सरकारी निकायहरू जिम्मेवार बन्नुपर्छ ।

जल, जंगल मुख्य आय स्रोतको केन्द्र हो । यसमा दक्ष–अदक्ष जनशक्ति परिचालन गरी संरक्षण र प्रवर्द्धनको विकास गर्नु र गराउनुपर्छ । देशका कतिपय स्थानमा जंगलका काठहरू कुहिएर गइरहेका छन् । यसतर्फ सरकारी निकायको ध्यान पुग्न नसकेको देखिन्छ, ध्यान पुग्नुपर्छ । जिम्मेवार बन्नुपर्छ । यसैगरी अहिले देशमा सेनाको संख्या घटाउनुपर्छ भन्ने सुनिएको छ । अहिले देश जति सेना छन्, त्यसलाई दोब्बर बनाएर जल र जंगलमा परिचालन गर्न सकियो भने जंगलमा काठहरू कुहिएर जाने अवस्था आउने थिएन र जलमा वैदेशिक हस्तक्षेप पनि जोगाउन सकिने थियो । यसबाट देशका युवाले आफ्नै देशमा बसेर काम गर्ने अवसर मिल्ने थियो ।

नक्कली भुटानी शरणार्थी प्रकरणलाई हेर्दा यो देशको एउटा गम्भीर लापरवाही हो । जिम्मेवार पदमा बस्ने व्यक्तिले गैरकानुनी काम गर्दा कस्तो किसिमको सजाय दिने भनेर हाम्रो देशको कानुनमा लेखिए ता पनि ठूला व्यक्तिलाई कारबाही गर्न सकेको छैन । कुनै पनि जनप्रतिनिधि राज्यको मुख्य निकायमा पुगेर देश र जनतालाई लुट्ने, ठग्ने गर्छ भने उनीहरूको तीन पुस्ताले सरकारी निकायमा बसेर कुनै पनि मुख्य निकायमा बसेर काम गर्न नपाउने गरी कानुन संशोधन गरिनुपर्छ । देशको मुख्य निकायमा बस्ने व्यक्तिले राष्ट्रिय स्वाभिमान र राष्ट्रिय स्वाधीनताको ख्याल गर्नुपर्ने हो । तर, नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएर ठूला व्यक्तिले नै राष्ट्रको अपमान गरेको देखिन्छ । अरुलाई बिक्री गर्दा आफ्नै परिवार सदस्य र आफ्नै नागरिकतासमेत जालझेलमा परेको उनीहरूले बुझेनन् जस्तो देखिन्छ ।

यसैगरी ललिता निवास जग्गा प्रकरणले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अस्मितामाथि चोट पुगेको देखियो । ठूला नेता संलग्न भएको चर्चामा मात्र आयो । निष्पक्ष रूपमा आकलन गर्ने हो भने यस्ता प्रकरणमा जोसुकै संलग्न भएको भए पनि कानुनी दायरामा ल्याउन हिच्किच्याउनु हुँदैन ।

यसैगरी नेपालमा पछिल्लो समय ६२ किलो सुन प्रकरण चर्चामा छ, ठूलो सुन तस्करी भएकाले मात्र यो प्रकरण चर्चामा आएको हो । व्यापारिक सिण्डिकेट खारेज गरी देशलाई आत्मनिर्भरतर्फ उन्मुख गराउनुपर्छ ।

यसै मेसोमा भन्नुपर्दा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) देशको महत्त्वपूर्ण शक्ति हो । राप्रपाले उठाइरहेका मुद्दालाई अब सम्पूर्ण पार्टीहरूले आत्मसात् गर्दै हातेमालो गरेर अघि बढ्नुपर्ने बेला आएको छ । यदि त्यो भएन भने यो देश अन्य कुनै शक्तिको हातमा पर्नेछ र हामीसँग भएका खनिज पदार्थ, प्राकृतिक स्रोतहरू, धर्म, संस्कृति, संस्कार सबै आफ्नो पकडमा पारिदिनेछन् । र, देशलाई खाली कचौरा बनाएर हाम्रा पुस्तालाई हस्तान्तरण गर्नेछन् र तिनीहरूले फेरि हामीले भन्दा अझ बढी संघर्ष गर्नुपर्ने अवस्था सिर्जना गर्ने छन् । त्यसैले यस्ता विषय राप्रपाले उठाइरहेको छ ।

नवीन राप्रपा अभियान पुरानो सोचबाट माथि उठेर देशमा आमूल परिवर्तन गर्नुपर्छ भन्ने सोचाइमा अघि बढिरहेको छ । परम्परागत रूपमा हामीले गर्दै आएका कार्यहरूबाट आत्मनिर्भर हुन गाह्रो छ । समयअनुसार हिजो एक दिन लाग्ने काम आज एक घण्टाभित्र सम्पन्न गर्नुपर्नेछ । अन्तर्राष्ट्रिय जगतले जसरी विकासमा फड्को मारिरहेको छ, हामीले पनि हाम्रो राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोतलाई जोगाउँदै र त्यो भन्दा अझै दुई गुणा माथि उठेर काम गर्नुपर्छ भन्ने मान्यतामा नवीन राप्रपा अभियान सञ्चालन गरिएको हो, यो अभियानमार्फत देशका युवा र महिलाहरूलाई राप्रपामा भित्र्याइँदै छ । खासगरी युवा र महिलालाई राप्रपामा भित्र्याउन लागि यो अभियान सञ्चालन गरिएको छ । यो अभियानमार्फत देशभर दुई लाख सक्रिय सदस्य बनाइँदै छ । राष्ट्रिय चिन्तन भएका सम्पूर्ण राष्ट्रप्रेमी, जनसमुदायलाई नवीन राप्रपा अभियानमा सामेल गराई सानालाई माया गर्ने र ठूलालाई सम्मान गर्दै आफ्नो समयलाई कार्यक्षेत्रमा उतारेर समयको सदुपयोग गर्दै आर्थिक, भौतिक र राजनीतिक रूपमा सम्पन्न बनाउने अभियानमा हामी छौं ।

अध्यक्ष राजेन्द्र लिङ्देन स्वच्छ छवि भएका इमान्दार राजनीतिज्ञ हुनुहुन्छ । अध्यक्ष लिङ्देनले एक रूपैयाँ घूस खानु भनेको आमाको रगत खानुसरह हो भन्नुभएको छ । यही हाम्रो लागि पनि मार्गदर्शन हो । आज देश यो अवस्थामा आउनुको प्रमुख कारण भ्रष्टाचार नै हो । अध्यक्ष लिङ्देनको राप्रपाभित्र मात्र होइन बाहिर पनि उतिकै प्रशंसा छ, आकर्षण छ ।

यसै मेसोमा भन्नुपर्दा पूर्वराजा ज्ञानेन्द्र शान्तिप्रेमी, विकासप्रेमी, राष्ट्रप्रेमी र जनप्रिय हुनुहुन्छ । त्यसै कारण उहाँलाई राष्ट्रको अभिभावकको जिम्मेवारी दिन सकियो भने यो देशमा कुनै राष्ट्रहरूबाट हस्तक्षेप सहनुपर्ने थिएन ।

यो देशमा एकातिर राजनीतिक अस्थिरता छ भने अर्कोतिर आज देशमा, व्यापक रूपमा महँगी बढिरहेको छ । महँगी बढ्नुको प्रमुख कारण व्यावसायिक सिण्डिकेटबाट नै हो । देशमा सिण्डिकेट नियन्त्रणमा राख्न नसक्नु राज्य सञ्चालकहरूको कमजोरी हो । उपभोक्ता र उत्पादकबीचको सम्बन्ध सुमधुर नहुनुको कारण विचौलिया प्रवृत्ति हावी भएको हो । यतिबेला उत्पादक र उपभोक्ता दुवै मर्कामा परेका छन् । त्यसैले राज्यले बेलाबेलामा जिम्मेवार भएर मूल्य निर्धारण गर्दै गयो भने मूल्यसूची कायम गराई प्रत्येक नागरिकलाई वितरण गर्न सकियो भने मूल्य निर्धारण सहज हुन्थ्यो कि !

त्यसो त हामीले सधैं राष्ट्रका प्रमुख व्यक्ति र पार्टीका प्रमुख व्यक्तिहरूलाई गाली गरेर मात्र हुँदैन । हामी आफैंले केही गर्नुपर्छ । संघर्ष नै जीवन हो । दुःख साथी हो, मिहेनत पूजा हो । एक अर्काको सहयोगी बन्दै आफू आत्मनिर्भर बन्ने सोचाइमा लाग्यौं भने हामीले एक छाक खान र लाउन कहिल्यै चिन्ता लिनु पर्दैन । मानिसको सम्पत्ति भनेको छ चिज हुन्छ । एक नम्बरमा शारीरिक स्वास्थ्य, स्वास्थ्य सन्तुलन राख्नका लागि नियमित खानपिनमा ध्यान दिनुपर्छ । दुई नम्बरमा पारिवारिक एकता हो । ठूलालाई सम्मान गर्ने र सानालाई माया गर्ने, रोगीको सेवा गर्ने गर्‍यो भने त्यो चिजलाई नियन्त्रणमा लिन सकिन्छ । तीन नम्बरमा सामाजिक इज्जत हो । समाजमा आफ्नो इज्जत उच्च राख्नका लागि समाजप्रति आफूले केही योगदान पुर्‍याएको र आफू पनि अनुशासनभित्र रहेर काम गरेको हुनुपर्छ ।

यसैगरी चार नम्बरमा व्यावसायिक छवि हो, यसलाई जोगाइराख्न हामीले कस्तो काम गर्दै छौं र त्यसको मूल्य कति लिँदै छौं, आफ्नो परिश्रमिकमा रमाउने मानिस व्यावसायिक छवि भएको मानिन्छ । यसैगरी पाँच नम्बरमा आर्थिक उन्नति हो । माथि उल्लिखित चार चिजलाई जोगाइ राख्न हामी आर्थिक सम्पन्न पनि हुनुपर्छ ।

त्यसैगरी छैटौं नम्बरमा राष्ट्रिय स्वाभिमान र स्वाधीनता नै हो, यो चिज हामीलाई राष्ट्रले दिने चिज हो । यो चिज आजको समयमा देशको कुनै पनि नागरिकलाई प्राप्त भएको छैन । त्यसैले पाँचै चिजमा सम्पन्नता हासिल गरेता पनि छैटौं नम्बर भएको चिजले हामी सबै गरिबजस्ता भएका छौं । त्यसैले हामी सबै यी कुराहरूको प्राप्तिका लागि साना–ठूला, धनी–गरिब नभनी अगाडि बढौं । एक दिन हामी सम्पूर्ण नेपालीहरू यसमा विजयी हुनेछौं ।

*(लेखक राप्रपाको केन्द्रीय सम्पर्क समन्वय विभाग सदस्य हुन्)*

## मननयोग्य

### चाणक्य नीति

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

आचार्यले भने- 'श्रमको अभ्यास भएन भने बाँचेको मानिस पनि मृतसमान हुन्छ, यो कुरा सधैं सम्झिराख्नू' म यो पहिलो गुरुमन्त्रलाई सदैव सम्झिरहन्छु र प्राणभन्दा पनि वढी सुरक्षित राख्छु भनी विनम्र भई विष्णुगुप्तले भने ।

नित्यकर्मबाट निवृत्त भएपछि विष्णुगुप्त र आचार्यका बीच कुराकानी हुन लाग्यो- हेर बाबु ! मलाई तिम्रो प्रतिभामा पूर्ण विश्वास छ । धेरै टाढाबाट राजा, मन्त्री, सामन्तहरू विद्या आर्जन गर्न यहाँ आउँछन्, उनकै अनुदान आदिले विद्यालय चल्छ । क्रमशः

पत्र–मञ्जुषा

## दसैं नजिकिँदै गर्दा सहकारीपीडितलाई थप पीडा

अहिले पनि आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूलाई एक छाक मिठो खान तथा एक जोर नयाँ कपडा लगाउन दसैं नै आउनुपर्छ । दुर्गम तथा ग्रामीण जिल्लामा अधिकांश मानिसहरू खानेकुरा नभएर भोकै सुतिरहेका छन् त कतिपय च्यातिएको कपडा लगाएर हिँडिरहेका छन् ।

गाउँघरमा रोजगारीको अभावका कारण मुलुकभरका विभिन्न जिल्लाका मानिसहरू राजधानी छिरे । कतिपय भने एक जिल्लाबाट अर्को जिल्ला सरे । उनीहरूले यहाँ आएर जसोतसो काम त पाए तर वर्षौंदेखि तलब पाएका छैनन् । संघसंस्था, होटल, रेस्टुरेण्ट, पसल वा घरायसी काम संलग्न व्यक्तिहरूले छ महिनादेखि वर्ष दिनको तलब पाएका छैनन् ।

यसपालिको दसैं आइसकेको छ । हामी हिन्दू नेपालीहरूको महान् चाड नै दसैं हो । दसैंमा आफ्नो जन्मथलो गइन्छ । आमाबुबासँग भेटिन्छ । टीका लगाइन्छ । रमाइलो गरिन्छ । दुःखसुखका कुरा गरिन्छ । तर, कामको खोजीमा राजधानी छिरेका ती मानिसहरू तलब नपाएपछि घर जानबाट वञ्चित भएका छन् ।

उनीहरू गाउँघर जान त चाहन्छन् त पैसा नहुँदा अन्योलमा परेका छन् । जीवनभर खाइनखाई कमएर राखेको रकम पनि सहकारीले लिएर भाग्यो । एकातिर काम गर्ने ठाउँमा तलब दिएको छैन, अर्कोतिर सहकारीले बचत फिर्ता गर्दैन ।

अहिले मानिसहरू भन्छन्, 'पैसा नै छैन । कसरी घर जाने, दसैं मनाउने भनेर चिन्तित छौं । एकातिर तलब पाएको छैन त अर्कातिर आपत्विपदमा काम लाग्छ भनेर राखेको रकम पनि सहकारीले खाइदिएको छ । अनि कसरी घर जानु ? फेरि हामी घर गएनौं भने घरमा पनि दसैं मनाउन अप्ठ्यारो पर्छ ।'

दसैं नजिकिसक्यो तर बजारमा किनमेल छैन, न त चहलपहल नै छ । मुलुकभर सञ्चालित अधिकांश सहकारी भागेका छन् । सञ्चालनमा रहेकाले पनि बचत फिर्ता गरेका छैनन् । उनीहरूले बचतकर्तालाई अल्मल्याएर राखेका छन् । बचतकर्ताहरू सहकारीमा आफ्नो लाखदेखि करोड रूपैयाँ रहेको बताउँछन् ।

तर, माग्न जाँदा एक सुको फिर्ता पाइँदैन । सहकारीकै कारण करोडौं बचतकर्ताको खर्बौं रकम डुबेको छ । उनीहरूको बिल्लीबाठ भएको छ । मर्नु कि बाँच्न अवस्थामा पुगेका छन् बचतकर्ता । सहकारी बचतकर्ताको रकम फिर्ता गर्दैन । उल्टै घरजग्गा, गाडी र सेयरमा लगानी गरेका कारण डुबेको भन्दै हप्काउने गर्छ ।

हिजो घरजग्गा, गाडी र सेयर दलालीहरूले सहकारी खोले । आनाको पाँच हजारमा बिक्री नहुने खेतीयोग्य जमिन खण्डीकरण गरी आनाकै ७० लाखमा बेचियो । बैंकले सय रूपैयाँमा निष्काशन गरेको सेयर चार हजारमा बेचियो । भारतमा दुई लाख पार्ने गाडी नेपालमा ५० लाखमा खरिदबिक्री गरियो ।

दलाली र बिचौलियाले आम सर्वसाधारणलाई फसाउनु फसाए । सर्वसाधारण जनता चुर्लुम्मै डुबेका छन् । सहकारीमा बचतकर्ताले बचत गरेको रकम सञ्चालक तथा कर्मचारीहरूले दलालीसँगको मिलेमत्तोमा घरजग्गा, गाडी र सेयरमा लगानी गरे । तर, यी क्षेत्रमा मन्दी आएपछि सहकारी एकाएक भाग्नुपर्‍यो ।

अहिले बजारमा सुनिन्छ कि चार हजार रूपैयाँ कित्तामा किनेको सेयर सय रूपैयाँमा बिक्री हुँदैन । यता ७० लाख रूपैयाँमा किनेको जग्गा तथा ५० लाखमा किनेको गाडी पनि बिक्री नहुने बताइन्छ । दलालीहरूले हिजो रातारात घरजग्गा, गाडी र सेयरको मूल्य बढाएका थिए । तर, अहिले यसमा मन्दी आएपछि सहकारीदेखि बैंक तथा वित्तीय संस्थासमेत डुबेका छन् ।

बजारमा घरजग्गा, गाडी र सेयर बेच्न चाहनेहरू प्रशस्त भेटिन्छन् तर किन्ने कोही छैन । कवाडीको भाउमा यिनीहरू आइसकेका छन् । यस्तो अवस्थामा सहकारीले बचतकर्ताको रकम कसरी फिर्ता गर्छ ? सहकारीमा राखेको आफूहरूको रकम फिर्ता नआउने भन्दै अहिले बचतकर्ताहरूमा रुवाबासी नै चलेको छ ।

कतिपय सहकारीका सञ्चालक भागिसकेका छन् । कतिपय मोबाइलको स्विच बन्द गरेर बसेका छन् त कतिपय लुकीछिपी हिँडेका छन् । अहिले वडा कार्यालय, नगरपालिका तथा गाउँपालिकामा आफ्नो घरमा सहकारी सञ्चालन गर्न दिएका घरधनीहरू घर खाली गराउनका लागि धमाधम निवेदन दिइरहेका छन् । एकतर्फ वर्ष दिनदेखि भाडा पाइएको छैन, अर्कोतर्फ पैसा नपाएको झोकमा बचतकर्ताले आफ्नो घरमा आगजनी गर्ने तथा तोडफोड गर्ने त्रास घरधनीहरूमा छ । सहकारी चोर, ठग र लुट हो भनेर आमनागरिकको मनमा छाप परिसकेको छ ।

पछिल्लो समय जनताले सहकारीमा बचत गर्न छोडेका छन् । सहकारीका सञ्चालक तथा कर्मचारीले जतिसुकै महँगो ब्याजको प्रलोभन देखाए पनि बचतकर्ताहरू बचत गर्न मान्दैनन् । दसैंको मुखमा बचतकर्ताको रकम फिर्ता गर्न नसकेपछि अधिकांश सहकारीका सञ्चालक तथा कर्मचारीहरू कार्यालय नै बन्द गरेर सम्पर्कविहीन भएका छन् । चाडपर्व नजिकिँदै गर्दा जनतामा बढेको यो त्रास र चिन्तामा सरोकारवाला गम्भीर बन्न जरुरी छ । सरकार र सरोकारवाला निकायले यसमा तत्काल कदम चालोस् ।

*–कल्पना श्रेष्ठ, कोटेश्वर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मिथिलामा जितिया पर्वको तयारी

■ गोपालप्रसाद बराल

**महोत्तरी–** महोत्तरीसहित प्राचीन मिथिला क्षेत्रमा पितृपक्ष (सोह्रश्राद्ध) सुरु भएपछि सन्तान हुने मिथिलानी (मिथिलाका नारी) जितिया पर्वका लागि तयारीमा जुटेका छन् । यस वर्ष यो पर्व यही असोज १९ गते शुक्रबार परेको छ ।

असोज कृष्ण अष्टमीका दिन निराहार उपवास गरिने जितिया पर्वका लागि पितृपक्ष सुरु हुनासाथै व्रतालु आमाहरू आफ्ना सन्तान सुयोग्य हुने कल्पनामा रोमाञ्चित हुने गर्छन् । केही वर्ष पहिलेसम्म यो पर्व छोराको कल्याणका लागि गर्ने गरिएकामा अहिले सबै सन्तानका लागि गरिने व्रतको भन्न थालिएको छ । अब 'पुत्रवती आमा' हैन 'सन्तानवती आमा'ले गर्ने व्रत भन्न थालिएको पर्वको तयारीमा रहेका नयाँ पुस्ताका मिथिलानी आमा बताउँछन् । पुत्रका लागि भनिनु पुत्रीप्रतिको विभेद भएको हुँदा यो छोरीप्रतिको उपेक्षा सच्याइँदै अब सन्तानका लागि भन्न लागिएको उनीहरूको भनाइ छ ।

